# नेपालगञ्ज-दिल्ली सिधा हवाई उडानमा जोड

**हिमालय टाइम्स**
काठमाडौं, २६ साउन




नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालगञ्ज-दिल्ली सिधा हवाई उडानका लागि प्रभावकारी पहल आवश्यक भएको बताउनुभएको छ । नेपालगञ्ज-दिल्ली सिधा हवाई उडान सन्दर्भमा नेपाल उद्योग वाणिज्य संघ बाँकेको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा काठमाडौंमा आयोजित सर्वपक्षीय छलफल कार्यक्रममा बोल्दै उहाँले नेपालगञ्ज-दिल्ली सिधा हवाई उडान गर्न सके सो क्षेत्रको समग्र विकासमा टेवा पुग्ने बताउनुभयो ।

अध्यक्ष ढकालले भन्नुभयो, 'नेपालगञ्ज पर्यटन, कृषिलगायतका क्षेत्रका लागि पर्याप्त सम्भावना भएको क्षेत्र हो । सिधा उडान हुन सके यसले पश्चिम नेपालको क्षेत्रीय सम्पर्क र आर्थिक विकासका लागि महत्त्वपूर्ण योगदान दिन सक्छ । यहाँहरूको यो पहल र प्रयासप्रति महासंघ ऐक्यबद्धता जाहेर गर्दछ ।' नेपालगञ्ज-दिल्ली सिधा उडान लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको समग्र विकाससँग जोडिएको विषय भएको उहाँको भनाइ थियो । साथै अध्यक्ष ढकालले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा उक्त एजेण्डालाई प्राथमिकताका साथ उठाउन महासंघतर्फबाट प्रधानमन्त्रीसमक्ष आग्रह गर्ने पनि बताउनुभयो । उहाँले सबैको साझा प्रयासले नेपालगञ्ज-दिल्ली सिधा हवाई उडानको सपना चाँडै साकार हुने विश्वास व्यक्त गर्दै सबैले आ-आफ्नो तहबाट पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

अध्यक्ष ढकालले पर्यटन पूर्वाधारमा राज्यको ठूलो लगानी भइसकेको अवस्थामा निर्माण भएका विमानस्थलहरूको प्रभावकारी सञ्चालन आवश्यक रहेकोसमेत बताउनुभयो । उहाँले भन्नुभयो, 'नेपालगञ्ज, जसलाई पश्चिम नेपालको प्रवेशद्वारका रूपमा चिनिन्छ । पूर्वाधार बनेको छ । बर्दिया र बाँके राष्ट्रिय निकुञ्जसहित लुम्बिनी जस्ता गन्तव्यहरूमा भारतीय पर्यटकका लागि महत्त्वपूर्ण प्रवेश हुन सक्छ । सीमा क्षेत्र भएकाले कार्यक्रम र विवाह (इभेन्ट र वेडिङ) का लागि पनि यो क्षेत्रको व्यापक सम्भावना छ ।' ढकालले देशको आर्थिक विकासका लागि निजी क्षेत्रले ठूलो लगानी गरिसकेको उल्लेख गर्दै देशमा नै केही गर्न सकिन्छ भन्ने मनोविज्ञानसाथ काम गर्न सके प्रतिफल प्राप्त गर्न सकिने बताउनुभयो । साथै उहाँले देशमा लगानीमैत्री वातावरण निर्माण गर्न महासंघले नीतिगत सुधारको पहल गरेको र महासंघको पहलमा सरकारले ३० भन्दा बढी कानुनहरू संशोधन गरेको उल्लेख गर्नुभयो । उहाँले देश विकासका लागि आन्तरिक र बाह्य पुँजी आवश्यक रहे पनि आन्तरिक पुँजीबाट पनि देशमा पूर्वाधार विकास गर्न सकिन्छ भनेर महासंघको पहलमा १० अर्ब रुपैयाँ पुँजीको नेपाल पब्लिक लिमिटेड कम्पनी खोलेर काम सुरु गरिसकिएको जानकारी दिनुभयो । कार्यक्रममा पूर्वमन्त्रीहरू, सांसदहरू, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, पर्यटन व्यवसायी, पत्रकार र अन्य सरोकारवालाहरूको सहभागिता थियो ।

**पहल गर्ने परराष्ट्रमन्त्री राणाको आश्वासन**

परराष्ट्रमन्त्री आरजु राणा देउवाले नेपालगञ्ज र भारतको नयाँदिल्ली सिधा उडानका लागि सक्दो पहल गर्ने बताउनुभएको छ । नेपालगञ्ज-दिल्ली उडानका लागि पहल गरिदिन आग्रह गर्दै सोमबार मन्त्रालयमा पुगेको बाँकेका प्रमुख राजनीतिक दलका नेता, संघीय संसद्मा प्रतिनिधित्व गर्ने बाँके र बर्दियाका सांसद, उद्योगी व्यवसायी, नागरिक समाजका प्रतिनिधि एवं अन्य सरोकारवालाहरूसँग उहाँले यस्तो बताउनुभएको हो । मन्त्री राणाले भन्नुभयो, 'सो उडानका लागि मैले पहिलेदेखि नै पहल गरिआएकै छु ।

नेपालगञ्ज-दिल्ली उडानको एजेण्डालाई हामीले प्राथमिकतामा राखेका छौं ।' नेपाल र भारतबीचमा कनेक्टिभिटी बढाउन सक्दामात्र पर्यटन, पारवहन, उद्योग व्यापार तथा जनसम्पर्कलगायतमा वृद्धि हुने र यसबाट दुवै पक्षलाई लाभ पुग्ने उहाँको भनाइ थियो । प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा उक्त विषयलाई प्राथमिकताको एजेण्डाका रूपमा समावेश गरिदिन बाँके र बर्दियाका उद्योगी व्यवसायी तथा राजनीतिक दलसहितको सर्वपक्षीय टोलीले मन्त्री राणालाई आग्रह गरेका थिए । उक्त प्रतिनिधिमण्डलले सोही दिन प्रधानमन्त्री ओलीलाई पनि भेटेर ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्री ओलीले आफू त्यसका लागि सकारात्मक रहेको भन्दै भारत सरकारसँग छलफल गरिने विश्वास दिलाउनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# नाडा अटो शो प्रधानमन्त्रीले उद्घाटन गर्ने



**काठमाडौं ।** आगामी भदौ ३ गतेदेखि सुरु हुने नाडा अटो शो प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुहुने भएको छ । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष करण चौधरी नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्री ओलीसँग भेट गरी भदौ ३ गतेदेखि ८ गतेसम्म काठमाडौंको भृकुटीमण्डप परिसरमा आयोजना हुने १७औँ संस्करणको नाडा अटो शो २०२५ को प्रमुख अतिथिका रूपमा उद्घाटन गरिदिन आग्रह गरेको हो । उक्त भेटघाटमा अध्यक्ष चौधरीले नाडा स्थापनाको ५० औँ वार्षिक उत्सव मनाउने क्रममा रहेको र नाडाले १७औँ संस्करणको नाडा अटो शो २०२५ आयोजना गर्न लागेको जानकारी दिनुभएको थियो । उहाँले यस वर्षको अटो शोमा एक सय २५ भन्दा बढी प्रदर्शक, ३० भन्दा बढी सवारी साधनका ब्राण्ड, इलेक्ट्रिक, हाइब्रिड र स्मार्ट मोबिलिटी समाधान, विन्टेज मोटर शो रहने बताउनुभयो । पहिलोपटक नेपालमा प्रदर्शन हुँदै गरेका युनिट्री रोबोट्स र दिपल इ भिटोल युएभी जस्ता आकर्षक र भविष्य उन्मुख प्रविधि प्रदर्शनीको केन्द्रबिन्दु हुने अध्यक्ष चौधरीको भनाइ थियो ।

सो भेटमा नाडा प्रतिनिधिमण्डलको आग्रहलाई प्रधानमन्त्रीले सहर्ष स्वीकार गर्नुभएकाले अटोमोबाइल व्यवसायीहरूले थप हौसला र प्रेरणा मिलेको महसुस गरेको नाडाले जनाएको छ । उक्त भेटमा नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठ, महासचिव सुरेन्द्रकुमार उप्रेती, सचिव विक्रम सिंहानिया, कोषाध्यक्ष मिलनबाबु मल्ल, सहकोषाध्यक्ष पंकज अग्रवाल तथा केन्द्रीय कार्यसमिति सदस्य मेघराज पौडेलसमेतको उपस्थिति रहेको थियो ।

**गौशाला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौशाला, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/०४/२७ )**

यस कार्यालयबाट तपसिलमा उल्लेखित कार्यका लागि मिति २०८२/०४/०८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रित पूर्वक प्राप्त भएका सम्पुर्ण बोलपत्र मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र उच्चतम मूल्यङ्कित शारभुतरुपमा प्रभावग्राही बोलपत्र भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा २ बमोजिम सम्पुर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | बोलपत्रको नाम | ठेक्का नं. | उच्चतम मूल्याङ्कित शारभुतरुपमा प्रभावग्राही बोलपत्र | कबोल रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | गोरु बजार, खसी बजार र खुद्रा बजार बाट आय संकलन तथा ठेक्का बन्दोबस्त | RE/GAU/NCB/ INCOME / 04-2081/082 | विजय निर्माण सेवा, बर्दिबास-१३, महोत्तरी | १,६५,११,१११।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# 'नाइमा नेपाल मोविलिटी एक्स्पो २०२५' सम्पन्न

## एक लाख बढीले गरे अवलोकन

**काठमाडौं/हिटा ।** नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एशोसिएशन (नाइमा)को आयोजनामा सम्पन्न 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५' सोमबार साँझ विशेष समारोहका साथ सम्पन्न भएको छ । साउन २१ गते सुरु भएको यो ६ दिने भव्य प्रदर्शनीमा एक लाखभन्दा बढी अवलोकनकर्ताले सहभागिता जनाएका छन्, जसले यसलाई नेपालको इतिहासमै सबैभन्दा ठूलो अटो एक्स्पोको रूपमा स्थापित गरेको आयोजकले जनाएको छ ।

एक्स्पोमा सरकारी तथा गैरसरकारी संस्थाका कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि, उद्योग क्षेत्रका प्रतिष्ठित व्यक्तित्व, सञ्चारकर्मी, व्यवसायी, अटोमोबाइल क्षेत्रका अग्रज, कूटनीतिक नियोगका पदाधिकारी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो । प्रदर्शनीको समापन समारोहमा बोल्दै नाइमा अध्यक्ष रितु सिंह वैद्यले भन्नुभयो, 'यो पछिल्लो ६ दिन एकदम अद्भुत रह्यो । तपाईंहरूले यो एक्स्पोलाई साँचिकै नेपालको सबैभन्दा ठूलो अटो एक्स्पो बनाउनुभयो । एक लाखभन्दा बढी दर्शक, प्रत्येक स्टलमा भएको बिक्री, मोबिलिटीसम्बन्धी प्यानल डिस्कसनमा भएको उत्कृष्ट सहभागिता, र तपाईंहरू प्रत्येकको ऊर्जा, विचार, सहकार्य तथा जोश देख्दा नाइमाले नेपालको मोबिलिटी क्षेत्रमा नयाँ आयामको विकास गरेको महसुस भएको छ ।'

अध्यक्ष वैद्यले एक्स्पोको सफलतामा नेशनल इन्स्योरेन्स, एभरेष्ट बैंक लगायतका प्रायोजक र साझेदारहरूको सामूहिक योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । यसैगरी नाइमा कार्यकारी निर्देशक राजकुमार दुलालले प्रदर्शनीको पाँच दिनसम्म निरन्तर सिकाइ सत्रहरू सञ्चालन गरिएको जानकारी दिनुभयो । नेपाल पुलिस क्लबमा आयोजित यी सत्रहरूमा नेपाल र भारतका लब्धप्रतिष्ठित विज्ञहरूको सहभागिता रहेको थियो । सहभागिहरूका लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको यी सत्रहरूले नेपालको मोबिलिटी क्षेत्रको समग्र विकासमा नाइमा प्रतिबद्ध रहेको सन्देश दिएको उहाँको भनाइ छ । दुलालले भविष्यमा पनि यस्ता कार्यक्रमहरू सरकार, सरोकारवालाहरू, दातृ निकाय तथा उपभोक्ताहरूको सक्रिय सहभागितासहित नियमित आयोजना गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

आयोजकका अनुसार प्रदर्शनीमा पहिलो दिन १५ हजार, दोस्रो दिन १३ हजार ५००, तेस्रो दिन १९ हजार ५००, चौथो दिन २१ हजार ५००, पाँचौं दिन २२ हजार र छैठौं दिन सात हजार ८०० अवलोकनकर्ताले सहभागिता जनाएका थिए । 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५' मा ५० भन्दा बढी राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय ब्रान्डहरूले सवारी साधनको प्रदर्शनी गरेका थिए । नयाँ प्रविधि, विद्युतीय सवारी साधन, अटो पार्ट्स र सहायक उपकरणहरूको आकर्षक प्रदर्शनसँगै, प्रदर्शनीले नेपालमा दिगो र आधुनिक यातायात प्रणालीप्रति जनचासो थप बढाएको देखिएको छ ।

# 'बिजनेस ब्लुप्रिन्ट नेपाल' को प्रायोजकमा शिवम्

**काठमाडौं ।** नेपालमा पहिलोपटक अन्तर्राष्ट्रिय ख्यातिप्राप्त मोटिभेसनल लेखक व्यावसायिक प्रशिक्षक तथा गिनिज वर्ल्ड रेकर्ड होल्डर डा. उज्ज्वल पाटनीको विशेष उपस्थितिमा 'बिजनेस ब्लुप्रिन्ट नेपाल' कार्यक्रम आयोजना हुने भएको छ । उक्त कार्यक्रमको मुख्य प्रायोजकका रूपमा शिवम् सिमेन्ट सहभागी हुने भएको छ । भदौ १२ गते काठमाडौंमा हुने उक्त कार्यक्रममा व्यवसायी, उद्यमी र युवा वर्गलाई लक्षित गरी व्यावसायिक उत्प्रेरणा र ज्ञान प्रदान गरिने आयोजकले जनाएको छ । शिवम् सिमेन्टका अनुसार कार्यक्रममार्फत् विश्वस्तरका मोटिभेसनल स्पिकर डा. उज्ज्वल पाटनीसँग सहकार्य गर्दै सहभागीहरूलाई व्यवसायमा नयाँ उचाइमा पुग्ने अवसर प्रदान गरिनेछ । व्यवसायमा सफलताको खाका, नेतृत्वदायी क्षमता विकास, बिक्री रणनीति, ब्राण्ड निर्माण र आधुनिक व्यवसाय सञ्चालनका व्यावहारिक पक्षहरूमा केन्द्रित रहने उक्त कार्यक्रममा नेपालभरका व्यवसायी, युवा उद्यमी, स्टार्टअप संस्थापक तथा उद्योगीको उल्लेखनीय उपस्थिति रहने आयोजकको अपेक्षा छ । आयोजकका अनुसार कार्यक्रममा नेपाली व्यवसायी, उद्योगपति, युवा उद्यमी तथा स्टार्टअप प्रतिनिधिलाई आधुनिक व्यावसायिक सोच, रणनीति, नेतृत्व कौशल तथा ब्राण्ड निर्माणजस्ता महत्त्वपूर्ण पक्षको मार्गदर्शन गर्नु रहेको छ । कार्यक्रम संयोजक तथा जिनियस टल्कस्का प्रबन्धक कृष्ण शाहले कार्यक्रमले बिजनेसमा थप प्रेरणा र टेवा पुऱ्याउने बताउनुभएको छ ।

शिवम् सिमेन्ट आफ्नो नवीन र इनोभेटिभ कार्यक्रमका माध्यमबाट ग्राहकमाझ छुट्टै पहिचान बनाउन सफल ब्राण्ड हो । 'शिवम् सन्देश' र 'नो कम्प्रोमाइज' जस्ता अभियानमार्फत् सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्दै आएको कम्पनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका महत्त्वपूर्ण कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै आफ्नो ब्राण्ड मूल्यलाई मजबुत बनाउँदै आएको जनाएको छ । आयोजकका अनुसार डा. उज्ज्वल पाटनीले तीनवटा गिनिज वर्ल्ड रेकर्ड, १५ भन्दा बढी राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय पुरस्कार प्राप्त गरिसक्नुभएको छ । उहाँका सात पुस्तकहरू १२ भारतीय भाषामा अनुवाद भइसकेका छन् भने विश्वका २८ देशहरूमा ती पुस्तकका १० लाखभन्दा बढी प्रति बिक्री भइसकेका छन् ।

**ब्रम्हचारी दामोदरानन्द कलेज**
**मिर्चौया-०५, सिरहा**

**बोलपत्र आव्हानको सूचना**

**प्रकाशित मिति : २०८२/०४/२७ (Aug–12-2025)**

यस ब्रम्हचारी दामोदरानन्द कलेजको Academic Block (A&B) 1st & 2nd Floor भवन निर्माण सम्बन्धि सूचना IFB No.– BDC/UGC/NCB/BUI/01/082/083, http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागि यस कलेजमा सम्पर्क राख्नु हुन् तथा सम्बन्धित Website (http://bolpatra.gov.np/egp) हेर्नु हुन् जानकारी गराईन्छ ।

**संजय कुमार साह**
**(कलेज प्रमुख)**

**स्थानीय सरकार**
**तारकेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**दाङसिङ, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**नदिजन्य पदार्थको लिलाम बढाबढ सम्बन्धी सूचना**

यस गाउँपालिकाको क्षेत्र भित्र रहेका तपशिलमा उल्लेखित स्थानमा रहेको निम्न परिमाणको नदिजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा)को राजस्व परामर्श समितिको बैठक मिति २०८२/०४/२१ मा र गाउँ कार्यपालिकाको २०८२/०४/२६ को निर्णयअनुसार लिलाम बढाबढ गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३१ औं (एकतीस) दिन भित्र कानुन बमोजिम इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ. व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्याद थप पत्रको प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**(E-Bidding Only)**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२७ गते)**

**तपशिलः**

| क्र. सं. | ठेक्का नं. | विवरण | GPS Point | | उत्खनन् परिमाण (घ. फिट) | कुल न्यूनतम कबोल अंक (मू.अ. कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अक्षांश | देशान्तर | | | | | |
| १. | TRM/NUW/NCB/R/G/01/2082-83 | तारकेश्वर गाउँपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली नदीको नदिजन्य पदार्थको उत्खनन् गरी बिक्री वितरण तथा निकासी गर्ने कार्य (तारकेश्वर गाउँपालिका-४ ढोडेबेसी बगर र तारकेश्वर गाउँपालिका-२ तारुकाघाट माँझिगाउँ बगर) | २७°५१'२१.३५" र २७°५०'४३.८६" | ८५°०२'२२.९३" र ८५°०१'१८.४३" | ९,७६,५६४.४६ | ६८,३५,९५१.२३/- | कबोल अंकको ५ (पाँच) प्रतिशत | ३०००.००/- | |

**शर्तहरूः**

१. बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगद तिरेको रसिद वा हिमालयन बैंक लि. तारकेश्वर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०५८०७५९४२८००९८ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे भित्र विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइटः **www.bolpatra.gov.np/egp** बाट बोलपत्र सम्बन्धित कागजातहरु अपलोड गर्नुपर्नेछ । बोलपत्रको सूचना र कागजात गाउँपालिकाको वेवसाइटः **www.tarakeshwormunnuwakot.gov.np** बाट पनि डाउनलोड गर्न सकिनेछ ।
२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
३. आफूले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको हिमालयन बैंक लि. तारकेश्वर शाखामा रहेको धरौटी खाता नं. ग.३. ०५८०७५९४२८००७४ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको लागि बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रीतपूर्वकको बैंक जमानी पत्र (विडवन्ड) पेश गर्नुपर्नेछ ।
४. बोलपत्रदाताले बोलपत्र कागजातको प्रत्येक पानामा सहिछाप गर्नुपर्नेछ ।
५. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट पेश गर्न पाइने छैन ।
६. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १ बजे यस गाउँ कार्यपालिकाको कार्यालय, दाङसिङ, नुवाकोटमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
७. बोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिनेछ ।
८. प्रि विड बैठक यो सूचना प्रकाशित भएको मितिले १७ औं दिनमा दिनको १२ बजे तारकेश्वर गाउँ कार्यपालिकाको कार्यालय, दाङसिङ, नुवाकोटमा हुनेछ । इच्छुक बोलपत्रदाताले उक्त बैठकमा भाग लिइ यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।
९. म्याद नाघी रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. उल्लेखित ठेक्का बन्दोबस्त हुदा ठेक्का कबोलदाताले ठेक्का अंक शतप्रतिशत अग्रिम दाखिला पर्ने र सो बापत बढीमा दश प्रतिशत छुट दिन सकिने । तर त्यस्तो छुट रकम सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम सम्झौताका लागि तोकिएको मिति भित्र सम्झौता गरेको अवस्थामा मात्र लागू हुनेछ । मूल्य अभिवृद्धि कर कबोल अंक पूरैमा लाग्नेछ ।
११. बोलपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चाहेमा प्रथम किस्ता बापत कबोल अंकको कम्तिमा ५० (पचास) प्रतिशत रकम र मू.अ. कर समेत सम्झौता गर्दाको बखत अनिवार्य बुझाउनु पर्नेछ । बाँकी ५० (पचास) प्रतिशत रकमको हकमा (मू.अ. कर) समेत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको सम्झौताको मितिले कम्तिमा १२० दिन मान्य अवधि भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । मू.अ. करमा छुट सुविधा हुने छैन ।
१२. नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
१३. नियमानुसार तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी कानुन बमोजिम प्रक्रिया अघि बढाइनेछ ।
१४. उठाइने करका दरहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।
१५. कुनै पनि परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दाबी गर्न पाईने छैन ।
१६. तारकेश्वर गाउँपालिका र बोलपत्रदाता बीचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा समाधान नभएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
१७. गाउँपालिका र बोलपत्रदाताबीच सम्झौता भएको मितिदेखि सम्झौता कार्यान्वयन भएको मानिनेछ ।
१८. यस गाउँपालिकाको त्रिशुली नदीको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा यस गाउँपालिकाबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै उत्खनन्को हकमा यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन र बोलपत्र फारममा भएका विषयहरु यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
१९. यस सूचना र बोलपत्र कागजातमा उल्लेख भएका विषय यसै सूचना र बोलपत्र कागजात बमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन बमोजिम हुनेछ ।

**(सिर्जना अर्याल)**
**प्रमुख प्रशासकीय अधिकृत**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल